भेरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खलंगा, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या : २०७८।०७९

चलानी नं. ११००

मिति: २०७८।०९।१६

## आ.व.२०७८।०७९ को लागि आन्तरीक आय तर्फको बोलपत्र आह्वानको सूचना

संशोधन सहित प्रथम पटक प्रकाशित मिति २०७८।०९।१६

स्थानीय सरकार संचालन ऐन २०७४,को दफा ११ को उपदफा २ को खण्ड घ को उपखण्ड ६ व्यवस्था भए बमोजिम यस नगरपालिकाको क्षेत्र भित्र पर्ने प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन अनुसार ढुंगा, गिट्टी, वालुवा, रोडा तथा नदीजन्य पदार्थको उत्खनन, विक्री तथा निकासी शुल्क संकलन (खानी क्षेत्र बाहेक) कार्यको ठेक्का वन्दोवस्तबाट गर्नुपर्ने भएको हुँदा देहाय बमोजिमका खोला÷नदीहरुको स्विकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पर्दाथ उत्खनन गरी भेरी नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा ४.९ मा उल्लेखित प्रति ईकाइ दररेटमा विक्री गर्ने गरी वढावढको माध्यमबाट दरभाउ बोलपत्र आव्हान गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति/फर्म वा कम्पनीहरुले फर्म नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.२०७६।०७७ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा उक्त कार्य गर्न योग्य भएको सो घोषणा पत्र सहित तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही उक्त बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

बोलपत्र फाराम दस्तुर प्रत्येक नाकाको लागि रु.१०००।

| क्र स | संकल/उत्खनन् गरिने क्षेत्र | वडन नं. | उत्खनन गर्न मिल्ने परिमाण | न्यूतम ठेक्का अंक रु. (मू.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | क्षेत्र १ (रिम्ना नाका) | वडा नं.१ | १२२।०० | १३४३।०।०० | |
| २ | क्षेत्र २ (पिपे नाका) | वडा नं.१ | १३४।०० | १४७५।०।०० | |
| ३ | क्षेत्र ४ (कालेगाउ नाका) | वडा नं.१ | १०६२८।०० | ११६९०८०।०० | |
| ४ | क्षेत्र ८ (खार खोला) | वडा नं.१२ | १७१५।०० | १८८६५०।०० | |
| ५ | क्षेत्र ९ (राक्से नाका) | वडा नं.१३ | १३३२।०० | १४६५२०।०० | |
| ६ | क्षेत्र १० (भालु खोला) | वडा नं.१३ | १४४८।७५ | १५९३६२।५० | |
| ७ | क्षेत्र ११ (इम्लिचौर नाका÷बडावालुवा) | वडा नं.१३ | ६४३६।०० | ७०७९६०।०० | |
| ८ | क्षेत्र १२ (खिड खोला) | वडा नं.१० | ५११९।०० | ५६३०९०।०० | |
| ९ | क्षेत्र १३ (बुंगे्रखोला) | वडा नं.१० र ११ | ५३९।०० | ५९२९०।०० | |
| १० | क्षेत्र १४ (खोदो खोला नाका) | वडा नं. ८ र ९ | ३०९४।०० | ३४०३४०।०० | |
| ११ | क्षेत्र १५ (सिम्ले खोला नाका) | वडा नं. १० | १८३७।०० | २०२०७०।०० | |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**शर्तहरु:**

१. उल्लेखित ठेक्काको उत्खनन कार्य आ.व.२०७८।०७९ को जेष्ठ मसान्त सम्मको लागि हुनेछ ।

२. खुला बोलपत्र खरिद गर्ने अन्तिम मिति २०७८।०९।२३ सम्म कार्यालय समय भित्र ।

३. खुला बोलपत्र दर्ता मिति र स्थान २०७८।०९।२४ दिनको १२:०० बजे सम्म कर्यालयमा दर्ता गराउनुपर्नेछ ।

४. खुला बोलपत्र खोल्ने मिति २०७८।०९।२४ दिनको २:०० बजे बोलपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर खुला बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनी बोलपत्र खोल्नमा बाधा पर्नेछैे

५. खुला बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट कार्यालय खोल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखी गणना गरिनेछ ।

६. खुला बोलपत्र साथ जमानत धरौटी (विडवन्ड) वापत आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशत दरले हुन आउने धरौटी रकम कम्तिमा ७५ दिन समय म्याद भएको नेपाल वैंक लिमिटेडमा भेरी नगरपालिका कार्यालयको नाममा जारी भएको धरौटी खाता नं ०७५०३००००३००००००००३ बमोजिमको वैंकम जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंक बाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्रको मान्य अवधि भन्दा कम्तिमा ३० दिन बढी म्याद भएको सक्कल विडवण्ड बुझाउनुपर्नेछ ।

७. खुला बोलपत्रमा घयत्त भर्दा कावोल रकम अंक र अक्षरमा स्पस्ट उल्लेख भएको गर्नुपर्नेछ ।यदि अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

८. खरिद गरेको खुला बोलपत्र फारामहरुमा उल्लेख भएका सवै विवरणहरु भरी बोलपत्रदाताको प्रत्येक पानामा सही छाप गरी सिलबन्दी लाहाछाप लगाई, खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण,ठेक्का नं., प्रोप्राईटरको नाम, ठेगाना, फोन नं.,मोवाईल नं.समेत स्पष्ट खुलाई फर्मको छाप लगाई पेश गर्नुपर्नेछ ।

९. एक फर्मको नाम बाट खरिद गरिएको राष्ट्रियस्तरको खुला बोलपत्र अर्को फर्मको नाममा प्रयोग गर्न पाइने छैन

१०. कार्यालयको छाप लागेको र अधिकार प्राप्त व्यक्तिको सही भएको सक्कलै राष्ट्रियस्तरको खुला बोलपत्र वाहेक अन्य राष्ट्रियस्तरको खुला बोलपत्र लाई मान्यता दिईने छैन ।

११. खुला बोलपत्रमा कुनै त्रुटि हुन गएमा त्रुटि सुधार तथा संशोधन गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ। कुनै वा सवै राष्ट्रियस्तरको खुला बोलपत्र,पुरै वा आंशिक रुपमा स्विकार गर्ने वा अस्विकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१२. खुला बोलपत्र दाताले राष्ट्रियस्तरको खुला बोलपत्रामा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ ।

१३. खुला बोलपत्र दर्ता गर्ने फर्महरुले कामको स्तर र कामको विवरण र बोलपत्र फारमका ठेक्काका शर्तहरु सम्बन्धमा राम्रो सँग पढी बुझी खुला बोलपत्र भरेको मानिनेछ ।

१४. खुला बोलपत्र कर्ताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको,प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात बोलपत्र फाराम साथ पेश गर्नुपर्नेछ ।

१५. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश गरेको राष्ट्रियस्तरको खुला बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१६. राष्ट्रियस्तरको खुला बोलपत्र सम्पूर्ण कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ को पहिलो संशोधन सहित सार्वजनिक खरिद नियमावली २०७३ तथा नेपालको संघिय र कर्णाली प्रदेश सरकारका अन्य ऐन नियम कार्यविधि बमोजिम हुनेछ ।

भेरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

निमित्त प्रमुख प्रशासकीय अधिकृत

१७. खुला बोलपत्र स्विकृत भएमा सो को सूचना पाएको वा कार्यालयमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोश्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंक बाट इजाजत प्राप्त (फरफरमेन्स बण्ड जारी गर्न सक्ने बैंकहरु) बाट यस कार्यालयको नाममा २०७८ साउन मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै ठेक्का कवोल गर्ने व्यक्ति वा फर्मले आफुले कवोल गरेको अंक सेवा,शुल्क वापत जम्मा हुन आउने रकमको नियमानुसार थप १३%भ्याट समेत यस कार्यालयमा बुझाउनुपर्नेछ ।

१८. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोवस्तो गरिनेछ ।

१९. ठेक्का स्विकार गर्ने ठेकादारले नगरपालिकाले तोकेको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखेर मात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरिएको रसिदबाट उठाएको पाइएमा नियमानुसार कानुनी कारवाही गरिनेछ । साथै रसिदको नमुना कार्यालयबाट उपलब्ध गराइने छ ।

२०. नगरपालिका वा अनुगमन गर्ने अख्तीयार प्राप्त निकायवाट अनुगमन हुँदा विक्रि रसिद नदिई विक्रि गरेको पाईएमा ठेकेदारलाई आर्थिक जरीवाना वा ठेक्का भंग गर्ने सम्मको कारवाही गर्न सकिनेछ ।

२१. तोकिएको नाका वा परिमाण भन्दा बढी उत्खनन् गरी विक्री गरेमा सो वाट हुने हानी नोक्सानी ठेकेदारबाट भराइने तथा ठेक्का रद्द गर्न सक्ने सम्मको कारवाही गरिनेछ ।

२२. तोकिएको शुल्क संकलन कार्य गर्दा कुनै व्यवधान वा समस्या परेमा दूई पक्षबीच आपसी छलफलद्धारा समाधान गरिने छ । त्यस्तो छलफलबाट सहमति हुन नसकेमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ । उक्त निणय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

२३. राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग वा अन्य सडकमा ढाट वा तगारो राखी कर संकलन गर्न पाइने छैन । राखेको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

२४. बोलपत्र फारम साथ पेश गर्ने कागजातहरु नोटरी पव्लिकबाट प्रमाणित भएको हुनु पर्नेछ ।

२५. नगरपालिकाले पालना गर्नु पर्ने न्यूनतम शर्तहरु पुरा नगरेको कारणले ठेकेदारले तोकिएको शुल्क उठाउन नसकेको अवस्थामा वाहेक ठेक्का रकममा कुनै प्रकारको मिनाहा वा छुट दिइनेछैन ।

श्री नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

२०७८।३।१६
.................................
(दल बहादुर घर्ती)
नि. प्रमुख प्रशासकीय अधिकृत
निमित्त प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री सुचना तथा प्रविधि शाखाः यो सुचना वेवसाईटमा अपलोड गरीदिनु हुन ।

Scanned with CamScanner